लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर,काठमाडौं

# प्रेस विज्ञप्ती - १५६
# Press Release- 156

मितिः-२०७३/०१/०२ गते

## अवैध लागूऔषध एम्फेटामाइन (ICE) सहित दुई नेपाली पक्राउ

## "OPERATION ICE"

लागू औषध नियन्त्रण ब्यूरोबाट खटिएको बिशेष प्रहरी टोलीले OPERATION ICE अन्तरगत लामो समय देखिको निग्रानी तथा अनुसन्धान पश्चात ***लागू औषध एम्फेटामाइन(ICE)*** सहित मिति २०७२।१२।३० गते १३:३० बजेको समयमा जि.धादिङ्ग सत्यदेवी गा.वि.स.वडा नं.८ राकचोक घर भई का.जि.टोखा नगरपालिका वडा नं.१५ डेरा गरी बस्ने बर्ष २६ को राहदानी नं. ०७४१८१३७ वाहक नेत्र गुरुङ्ग र सोही ठेगानाका बर्ष २१ को राहदानी नं. ०८४३२९९ वाहक चित्र तामाङ्गलाई का.जि.का.म.न.पा.वडा नं.९ गोल्डनगेटबाट अबैध ***लागू औषध एम्फेटामाइन ३०२ ग्राम*** सहित पक्राउ गरिएको छ।

निज नेत्र गुरुङ्ग र चित्र गुरुङ्ग मिति २९ चैत्र, २०७२ (११ मार्च २०१६) मा Thailand को Bangkok(BKK) बाट काठमाण्डौ आएको, निज नेत्र गुरुङ्गले बिगतमा पनि थाईल्याण्डबाट फिलिपिन्स, थाईल्याण्डबाट म्यान्मार हुंदै फिलिपिन्सको बाटो प्रयोग गरी फिलिपिन्स, ईण्डोनेसिया, अष्ट्रेलिया लगायतका मुलुकहरुमा अबैध लागू औषध एम्फेटामाइन तस्करी गर्ने गिरोहमा संलग्न रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

निजहरुको साथबाट हाल बरामद भएको ३०२ ग्राम एम्फेटामाइन Thailand बाट नेपालमा ल्याई संचय गरी नेपालबाट अन्य देशहरुमा कारोबार गर्नको लागि नेपालको भूमिलाई प्रयोग गर्न खोजिएको अनुसन्धानबाट खुल्न आएको छ । यसरी एम्फेटामाइन को ओसार पसारको घटना नेपालको लागि पहिलो हो । उक्त अबैध एम्फेटामाइनलाई बच्चाको खेलौना, सुटकेशको डन्डी, क्रिमको डब्बाहरुमा लुकाई छिपाई राखिएको अवस्थामा फेला पारी पक्राउ गरिएको हो।

उक्त अवैध लागू औषध एम्फेटामाइनको ***अबैध अन्तर्राष्ट्रिय बजार मुल्य ने.रु. १०,६०,०००।-*** हुन आउँछ।

अवैध लागू औषध एम्फेटामाइनको ओसार पसारमा थाईल्याण्ड, म्यानमार, फिलीपिन्स, नेपाल आदि देशका बिभिन्न गिरोहहरु सकृय रहेको खुलेको छ । सो कार्यका लागि नेपालको भूमी प्रयोग गरी बिभिन्न स्थानहरुमा अवैध लागू औषध ओसार पसार गर्न सक्ने आवस्थालाई मध्यनजर गरी यस ब्यूरोले निरन्तर रुपमा सूचना संकलन एवम् लागू औषधको अबैध कारोवारमा कृयाशील समूहहरुको उच्च निगरानी गरी रहेको थियो ।

निजहरुले बताए अनुसार  एम्फेटामाइनको  अवैध कारोवारमा मुख्य नेपाली व्यक्ति धर्म पाख्रिन तामांङ्ग  र निजकै सहोदर भाई पूर्ण पाख्रिन तामांङ्ग रहेको, निजहरु मध्ये धर्म पाख्रिन तामांङ्ग Thailand मा बसी Australia, Philippines, Myanmar लगायत पूर्वी एशियाली मुलुकहरुमा अवैध लागू औषधको कारोवार गर्ने र पूर्ण पाख्रिन तामांङ्ग नेपालमा वसी धादिङ्ग, मकवानपुर, वारा आदि जिल्लाहरुका नेपाली नागरिकहरुलाई उक्त अवैध कारोवारमा आर्थिक प्रलोभन दिई थाईल्याण्ड पठाई अवैध लागू औषध एम्फेटामाइनको ओसार पसारमा संलग्न गराउने मुख्य ब्यक्ति हुन्। पक्राउ परेका नेत्र गुरुङ्ग  धर्म पाख्रिन तामांङ्ग र  पूर्ण पाख्रिन तामांङ्गको विशेष सहयोगी हुन जसले Thailand, Myanmar, Philippines, Nepal मा एम्फेटामाइनको कारोवार गर्ने तथा निजहरुको आर्थिक कारोवार समेत हेर्ने गरेका छन्।

स्मरण रहोस ५४ के.जि. एम्फेटामाइन सहित January 2016 अष्ट्रेलियामा पक्राउ नेपाली नागरिक भुपेन्द्र तामाङ्ग र अष्ट्रेलियन नागरिक Raymond John Marsden लाई चाइनाबाट अष्ट्रेलिया एम्फेटामाइन पठाउने मुख्य व्यक्ति धर्म पाख्रिन तामांङ्ग  र भाई नाता पर्ने नेत्र गुरुङ्गको समेत संगलग्नतामा उक्त एम्फेटामाइन अष्ट्रेलिया पठाइएको थियो।

उक्त अवैध लागू औषध एम्फेटामाइन मुद्दाको सम्बन्धित देशका लागू औषध कानून कार्यान्वयन निकायहरुसँग समेत आवश्यक समन्वय तथा सहकार्य गरी यस ब्यूरोबाट थप अनुसन्धानको  भईरहेको छ।

• • •

फोन नं. ४६०१०४८/फ्याक्स नं. ४६०१९७८, ईमेलः ncbnepal@gmail.com



नेत्र गुरुङ्ग



चित्र तामाङ्ग



लागू औषध एम्फेटामाइन ३०२ ग्राम



लागू औषध एम्फेटामाइन ३०२ ग्राम

